# विश्रामपुर गाउँपालिकाको आर्थिक ऐन, २०८३

१९ औं गाउँसभाबाट स्वीकृत मिति २०८३।०३।१३ गते

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०८३ असार

गा.पा. अध्यक्ष

CamScanner

## बिश्रामपुर गाउँपालिकाको आर्थिक ऐन, २०८३

## बिश्रामपुर गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** बिश्रामपुर गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बिश्रामपुर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि बिश्रामपुर गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (५) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

७. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (६) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

८. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची ७ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

...प्रसाद ...शरी
प्रमुख प्रशासकीय अधिकृत

...कुमार ...
गा.पा. अध्यक्ष

CamScanner

९. **एम्बुलेन्स सेवा शुल्कः** यस बिश्रामपुर गाउँपालिकाद्धारा संचालित एम्बुलेन्स सेवा शुल्क दस्तुर यस ऐनको अनुसुची ८ बमोजिम हुने छ।

१०. **ठेक्का आह्वान गर्न सक्ने** : १) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर गाउँ कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्नसक्नेछ। तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा ३ (तीन) वर्ष देखि ५ वर्ष सम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

११. **सहयोग गर्नुपर्ने ;** संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले गाउँपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

१२. **प्रचलित कानुन बमोजिम हुने** : यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवसथा भए बमोजिम हुनेछ।

१३. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

**अनुसुची १**

**एकीकृत सम्पत्ती कर**

| क्र.स. | विवरण | विस्तृत विवरण | दर (रु./बर्ष) | कैफियत |
|---|---|---|---|---|
| १ | पक्की घर | RCC ढलान घर (प्रति स्वायर फिट) | १२ | |
| २ | पक्की घर | प्लाष्टर र टिनाको छानो भएको | ८ | |
| ३ | कच्ची घर | माटो र खरबाट बनेको | २ | |
| | **सम्पति मुल्यांकन** | | | |
| १ | सम्पति मुल्यांकन | | प्रति हजार रु. ०.५०(पचास पैसा मात्र) | |
| | **जग्गा मुल्याङकन** | | | |
| २ | जग्गा मुल्याङकन | | प्रति हजार रु. ०.५०(पचास पैसा मात्र) | |

गा.पा. अध्यक्ष

| अनुसुची २ | | | | |
|---|---|---|---|---|
| भूमि कर (मालपोत) | | | | |
| क्र.स. | विवरण | विस्तृत विवरण | प्रस्तावित दर (रु./बर्ष) | |
| १ | मालपोत/भुमिकर ( प्रति कठ्ठा ) | अब्बल | १५ | |
| | | दोयम | १० | |
| | | सीम | १० | |
| | | चाहार | ६ | |
| २ | जग्गा रजिष्ट्रेशन शूल्क | मालपोत कार्यालयले तोक बमोजिम हुने | | |
| नोट: २ वर्षभन्दा लामो समय सम्म कर नबुझाउनेलाई जम्मा कर रकममा २५%, ५ वर्षभन्दा बढी समय नबुझाउने लाई ३५% , र ८ वर्षभन्दा लामो समय कर नबुझाउनेलाई ५०% थप जरिवाना लाग्नेछ । तर आ.व. ०७५/०७६ भन्दा अगाडिको मालपोत रकम र जरिवाना साबिककै नियम र दररेट अनुसार लाग्नेछ । | | | | |

## अनुसुची ३

### बहाल कर

| क्र.स. | विवरण | विस्तृत विवरण | आ.व. २०८३ ।०८४ को दर | कैफियत |
|---|---|---|---|---|
| १ | घरबहाल कर | कोठा वा घरभाडाको | १० प्रतिशत | सम्झौता बमोजिम |
| २ | सभाहल भाडा | प्रतिदिन | रु. ४,००० ।- | |
| २ | सामुदायिक भवन भाडा | प्रति दिन | ५०० | |
| ३ | मेशनरी औजार भाडा | एक्साभेटर (जेसबी ) प्रति घण्टा ईन्धन सहित | २५०० | |

सुशिला प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार अलि
गा.पा. अध्यक्ष

CamScanner

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा

| | | | | |
|---|---|---|---|---|
| ४ | | एक्साभेटर (जेसबी ) प्रति घण्टा ईन्धन बाहेक | १५०० | |
| ५ | | पानी टंकी भाडा प्रतिदिन (ईन्धन सहित ) | १५०० | |
| ६ | | ट्रिपर भाडा प्रतिदिन ईन्धन बाहेक | ८००० | |
| ७ | | ट्रिपर भाडा मासिक ईन्धन बाहेक | २००००० | |
| ८ | | ट्राक्टर भाडा ईन्धन बाहेक प्रतिदिन | ३००० | |

## अनुसुची ४

### व्यवसाय / रजिष्ट्रेशन / नविकरण/ दस्तुर

| क्र. स. | विवरण | विस्तृत विवरण | दर्ता /नविकरण दर | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा पसल/ चुरोट बिडी सुर्ती जन्य | वितरक | ३००० | |
| | | थोक | २००० | |
| | | खुद्रा | १००० | |
| २ | औषधी पसल | थोक | ३००० | |
| | | खुद्रा | १५०० | |
| ३ | माछा मासु बिक्री गर्ने पसल | | १००० | |
| ४ | आयुर्वेदिक औषधी पसल | | ५०० | |
| ५ | एग्रोभेट पसल | थोक | २००० | |
| | | खुद्रा | १००० | |
| ६ | स्टेशनरी तथा पुस्तक पसल | थोक | १००० | |

...निल प्रसाद ...
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

| | | | | |
|---|---|---|---|---|
| | | खुद्रा | ५०० | |
| ७ | कस्मेटिक पसल | | १००० | |
| ८ | मोटर पार्ट्स | थोक | १५०० | |
| | | खुद्रा | ५०० | |
| ९ | प्लाइ तथा ग्लास | थोक | १२०० | |
| | | खुद्रा | ५०० | |
| १० | कपडा/फेन्सी/जुत्ताचप्पल | थोक | १००० | |
| | | खुद्रा | ५०० | |
| ११ | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | थोक | १५०० | |
| | | खुद्रा | १००० | |
| १२ | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | ५००० | |
| | | खुद्रा | ३००० | |
| १३ | स्टिल आलमुनियम (फेब्रेकेसन) पसल | थोक | २००० | |
| | | खुद्रा | १००० | |
| १४ | फर्निचर | थोक | २००० | |
| | | खुद्रा | १००० | |
| १५ | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | | ३००० | |
| १६ | कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | १५०० | |
| १७ | किराना पसल | थोक | १५०० | |
| | | खुद्रा | ५०० | |
| १८ | फलफूल/तरकारी पसल | थोक | ५०० | |
| | | खुद्रा | २०० | |
| १९ | उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | ५०० | |

सुजिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार अलि
गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | खुद्रा | २०० | |
| २० | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | २००० | |
| | | खुद्रा | १००० | |
| २१ | माटाको भाँडा पसल | थोक, खुद्रा | ० | |
| २२ | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | १००० | |
| | | कानुन व्यावसायी ल फर्म | १००० | |
| | | लेखापरीक्षण व्यावसायी | १००० | |
| | | पशु चिकित्सक डाक्टर | १००० | |
| | | रोजगार सेवा | १००० | |
| २३ | पेन्टर/ साइनबोर्ड लेख्ने | | ५०० | |
| २४ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | ३००० | |
| | **उत्पादनमूलक उद्योग** | | | |
| २५ | ग्रील उद्योग | | २००० | |
| २६ | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | | ५०० | |
| २७ | कपडा तथा गार्मेन्ट उद्योग | | ५००० | |
| २८ | सिरक डसना उद्योग पसल | | १००० | |
| २९ | कुटानी पिसानी/ मिल | | १५०० | |
| ३० | डेरी उद्योग/ व्यवसाय | | १००० | |
| ३१ | वनजन्य उद्योग | काठ बिक्री डिपो/समिल | ३००० | |
| ३२ | क्रसर+कन्क्रीट+इटा भट्टा उद्योग | | ५००० | |

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३३ | सुर्तिजन्य उद्योग | | ५००० | |
| ३४ | होटल लज रेष्टुरेन्ट | होटल र लज | ५००० | |
| | | भोजनालय | ५०० | |
| | | मिठाई पसल | ५०० | |
| | | पार्टी प्यालेस | २५०० | |
| | | रेष्टुरेन्ट-बार | २००० | |
| | | चिया र खाजा पसल | २०० | |
| | | साना,खाजा-नास्ता पसल (मदिरासहित) | १००० | |
| ३५ | टेन्ट हाउस | | २००० | |
| | | **सेवा उद्योग** | | |
| ३६ | सञ्चार | एफ.एम. प्रसारण | २००० | |
| | | केवुल च्यानल प्रसारण | ३००० | |
| | | पत्रपत्रिका प्रकाशन सेवा | २००० | |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | ५०० | |
| | | कुरियर सेवा | १००० | |
| | | कलर ल्याब/ फोटोस्टुडियो | ५०० | |
| ३७ | वित्तीय | वाणिज्य वैंक प्रति शाखा/केन्द्रिय कार्यालय | १०००० | |
| | | विकास वैंक प्रति शाखा/ केन्द्रिय कार्यालय | ५००० | |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | ४००० | |

सुशिल प्रसाद कोइरी
प्रमुख प्रशासकीय अधिकृत

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | | वित्तीय/ ऋण सहकारी संस्था | ५००० | |
| | | मनी ट्रान्सफर | ३००० | |
| | | विमा कम्पनी | ५००० | |
| | | लघु वित्त | ५०० | |
| ३७ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | ५००० | |
| | | क्लिनिक तथा ल्याब | २००० | |
| | | चस्मा पसल | १००० | |
| ३८ | निजी शैक्षिक संस्था | क्याम्पस | ५०००० | |
| | | माध्यमिक तह | ५००० | |
| | | आधारभुत तह | ५००० | |
| | शैक्षिक संस्था (निजी) कक्षा थप | प्रति कक्षा संख्या | १०००० | |
| | शैक्षिक संस्था कक्षा थप (सामुदायिक) | प्रति कक्षा संख्या | ० | |
| ३९ | मर्मत सम्भार | टायर-ट्युव मर्मत, रिसोलिङ्ग,हावा भर्ने | २०० | |
| | | इन्जिन मर्मत | १००० | |
| | | टि.भी. फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक) | १००० | |
| | | मोटरसाइकल मर्मत | १००० | |
| | | बस,ट्याक्सी लगायतका सवारी साधन मर्मत | २००० | |
| | | अन्य विविध मर्मत | १००० | |
| ४० | ड्राइ क्लिनिक, ब्युटी पार्लर तथा सैलुन | | २०० | |

सुनिल प्रसाद [illegible]

| | | | | |
|---|---|---|---|---|
| ४१ | फलफुल बिरुवा (नर्सरी) पसल | | १००० | |
| ४२ | ग्राभेल उत्खन्न (प्रति क्यू फिट) दर | बिभिन्न खोलाबट संलकन | ४ | |
| ४३ | फर्म वा व्यवसाय | 'घ' वर्गको ठेक्का लाईसेन्स | दर्ता रु.१०००० र नविकरण रु.७००० | |
| ४४ | संघ संस्था दर्ता/सिफारिस | कम्पनी | ५००० | |
| | | क्लब | १००० | |
| | | कृषक समूह | दर्ता रु.५०० र नविकरण रु. २०० | |
| | | कृषि सहकारी संस्था दर्ता | रु. ३,०००।- | |
| ४५ | | वितिय सहकारी संस्था दर्ता | रु. ८,०००।- | |
| ४६ | सूची दर्ता | सबै प्रकारको फर्म | रु.५०० | |

१. अन्यत्र दर्ता (घरेलु तथा साना उद्योग कार्यालय, आन्तरिक राजस्व कार्यालय, कम्पनी रजिष्टारको कार्यालय लगायत दर्ताको लागि तोकिएको अन्य संस्था वा कार्यालय) भएका व्यवसायहरुले गाउँपालिकाबाट अनिवार्य रुपमा व्यवसाय दर्ता प्रमाणपत्र लिई सो वापत व्यवसाय दर तिरेर मात्र यस गाउँपालिका क्षेत्रमा व्यापार व्यवसाय गर्न पाउनेछन्

२. अन्यत्र दर्ता नभएका साना व्यवसायीहरुले यस गाउँपालिकामा दर्ता भएर मात्र व्यवसाय सञ्चालन गर्न पाउनेछन् । दर्ता हुँदा माथि उल्लेखित वर्गीकरण अनुसारको दर्ता शुल्क तिर्नु पर्नेछ ।

## अनुसुची ५
## बहाल बिटौरी शुल्कको दर

| क्र.स. | सम्पतिको किसिम | शुल्कको दर रकम(रु.) | कैफियत |
|---|---|---|---|
| १ | आफुले निर्माण गरेको वा आफ्नो स्वामित्वमा रहेको<br>क) भवन प्रति कोठा/सटर | मासिक २००० | |
| | ख) जग्गा प्रति कट्ठा | मासिक ५००० | |
| २ | आफ्नो रेखदेखमा रहेका सार्वजनिक स्थल,ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका बसपार्क/ वर्कसप /उद्योग/व्यवसाय जग्गा भाडामा सार्वजनिक जग्गा प्रति बर्गफिट न्युनतम | २ | |
| ३ | सार्वजनिक स्थल/ हाटबजार/मेला/जात्रा आदिमा थापेका पसल | प्रति दिन रु. ५० ।- | |

सुनिल प्रसाद किशोरी

गा.पा. अध्यक्ष

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

| अनुसुची ६ | | | | |
|---|---|---|---|---|
| पार्किङ्ग शुल्क | | | | |
| क्र.स. | विवरण | विस्तृत विवरण | आ.व.२०८३/०८४ को प्रस्तावित दर | |
| १ | पार्किङ्ग शुल्क: प्रतिदिन | बस , ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप | हाललाई सम्भावन नभएको | |
| २ | | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन प्रतिदिन | हाललाई सम्भावन नभएको | |

## अनुसुची ७

## सेवा शुल्क दस्तुरको दर

| क्र.स. | विवरण | विस्तृत विवरण | आ.व.२०८३/०८४ को प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमाणित शुल्क | नाता प्रमाणित गर्ने | १०० | |
| २ | | जन्म मिति प्रमाणित गर्न, गराउने | १०० | |
| ३ | | विवाह, विवाहित प्रमाणित गर्ने | १०० | |
| ४ | | अविवाहित प्राममणित गर्ने | निःशुल्क | |
| ५ | | व्यक्तिगत विवरण प्रमाणित गर्ने | १०० | |
| ६ | | जीवित सँगको नाता प्रामाणित गर्ने | निःशुल्क | |
| ७ | | हकवाला वा हकदार प्रमाणित गर्ने | १५० | |
| ८ | | कागज र मञ्जुरीनामा प्रामाणित गर्ने | २०० | |
| ९ | | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निःशुल्क | |
| १० | | संरक्षक प्रमाणित गर्ने | २०० | |

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ११ | | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित गर्ने, | ५०० | |
| १२ | | आयस्रोत प्रमाणित गर्ने | रु.१००० मा ५० पैसा | |
| १३ | | कपाली/तमशुक प्रमाणित | रु. २०० | |
| १४ | | अपाङ्ग सिफारिश | निःशुल्क | |
| १५ | | नाबालक परिचयपत्र सिफाशिस | निःशुल्क | |
| १६ | सिफारिश शुल्क | व्यक्तगत संरक्षक सिफारिश गर्ने | २०० | |
| १७ | | संस्थागत संरक्षक सिफारिस गर्ने | ३०० | |
| १८ | | नागरिकता सिफारिश | निःशुल्क | |
| १९ | | नागरिकता प्रतिलिपी सिफारिश | निःशुल्क | |
| २० | | वैवाहिक अङ्गिकृत नागरिकता सिफारिस | निःशुल्क | |
| २१ | | छात्रवृति सिफारिश | निःशुल्क | |
| २२ | | व्यापार व्यवसाय वन्द सिफारिस | ५०० | |
| २३ | | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | निःशुल्क | |
| २४ | | सःशुल्क स्वास्थ्य उपचार सिफारिस | निःशुल्क | |
| २५ | | चार किल्ला सिमाना कायम प्रमाणित | १०० | |
| २६ | | फरक-फरक नाम थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | निःशुल्क | |
| २७ | | नाम, थर वा जन्ममिति संशोधनको सिफारिस | निःशुल्क | |
| २८ | | अस्थायी/स्थायी बसोबास सिफारिस | निःशुल्क | |
| २९ | | मृतक सँगको नाता प्रामाणित सिफारिस | निःशुल्क | |

सुनिल प्रसाद कर्की
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ३० | | उद्योग ठाउँसारी गर्न सिफारिस | ५००० | |
| ३१ | | विद्यालय खोल्न सिफारिस | ५००० | |
| ३२ | | विद्यालय ठाउँसारी गर्न सिफारिस | ५००० | |
| ३३ | | पालन पोषणणका लागि सिफारिस | निःशुल्क | |
| ३४ | | धारा जडानको लागि सिफारिस | निःशुल्क | |
| ३५ | | विद्युत जडानको लागि सिफारिस | १०० | |
| ३६ | | संस्था दर्ता सिफारिस | ५०० | |
| ३७ | घरजग्गा नामसारी सिफारीस | ५ कठ्ठा सम्म | २०० | |
| ३८ | | ६ देखि १० कठ्ठासम्म | ४०० | |
| ३९ | | ११ देखि २० कठ्ठासम्म | १००० | |
| ४० | | २१ देखि ५० कठ्ठासम्म | १२०० | |
| ४१ | | ५१ कठ्ठाभन्दा माथि | १५०० | |
| ४२ | मोही लगत कट्टा सिफारीस | १ कठ्ठा सम्मको | २०० | |
| ४३ | | १ कठ्ठा भन्दा माथिको | २००० | |
| ४४ | घर कायम सिफारीस | पक्की घर (प्रति वर्ग फिट) | ३ | |
| ४५ | | कच्ची घर (प्रति वर्ग फिट) | १ | |
| ४६ | घर बाटो प्रमाणित | बाटो भएको (पक्की ) | ५०० | |
| ४७ | | बाटो भएको (कच्ची ) | ३०० | |
| ४८ | | बाटो नभएको | २०० | |
| ४९ | जग्गाको हक सम्बन्धमा सिफारिस | | ५०० | |
| ५० | जग्गाधनी पूर्जा हराएको सिफारिस | | ५०० | |
| ५१ | कित्ताकाट गर्न सिफारिशस | | ५०० | |

सुनिल प्रसाद कोइराली
प्रमुख प्रशासकीय अधिकृत

जुलफकार अलि ...
गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ५२ | जग्गा मुल्याङ्कन सिफारीस/ प्रमाणित | | रु.१००० मा २५ पैसा | |
| ५३ | सर्जमिन मुचिल्का | | ५०० | |
| ५४ | नेपाल सरकारको नाम बाटो कायम सिफारिस | | निःशुल्क | |
| ५५ | उधोग दर्ता सिफारिस | | २००० | |
| ५६ | कोर्ट फि मिनाहा सिफारिस | | निःशुल्क | |
| ५७ | चौपाया सम्बन्धी सिफारिस | प्रति चौपाया | २०० | |
| ५८ | अन्य सिफारीस वा प्रमाणित | माथि उल्लेख नभएको | १०० | |
| ५९ | घर नक्सापास दस्तुर | पक्की घर प्रति वर्ग फिट (भुई तल्ला) | २० | |
| ६० | | पक्की घर प्रति वर्ग फिट (माथिल्लो तल्ला) | १० | |
| ६१ | घर नक्सा अभिलेखिकरण | अधिकतमा ७० प्रतिशत जग्गामा घर बनाएको हकम घर नक्सा पासको नियमित दस्तुर सहित कुल कर रकमको १० % जरिवान र ७० प्रतिशत भन्दा माथि जग्गामा घर बनाएको हकमा नियमित दस्तुर सहित कुल कर रकमको ४० % जरिवान लाग्नेछ। | | |
| ६२ | नक्सा पास निवेदन फाराम दस्तुर | | २००० | |
| ६३ | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | ५०० | |
| ६४ | | कच्ची | २५० | |
| ६५ | व्यक्तिगत घटना दर्ता शुल्क (३५ दिन सम्म निःशुल्क) | जन्म दर्ता | २०० | |
| ६६ | | मृत्यु दर्ता | २०० | |
| ६७ | | विवाह दर्ता | २०० | |

सुशिल प्रसाद कसेरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार अलि …
…

| | | | | |
|---|---|---|---|---|
| ६८ | | बसाई सराई (आउने/जाने) | २०० | |
| ६९ | | सम्बन्ध बिच्छेद | १०० | |
| ७० | | घटना दर्ताको प्रतिलिपी दस्तुर (प्रत्येक पटक) | ५०० | |
| ७१ | न्यायिक समिति दस्तुर | निवेदन पेश गर्दा | निःशुल्क | |
| ७२ | | प्रतिउत्तर पत्र पेश गर्दा | ३०० | |
| ७३ | | मेलमिलाप दस्तुर | ५०० | |
| ७४ | अमिन खटाईएको | प्रति पटक | २००० | |

नोट - माथि उल्लिखित सिफारीस वा प्रमाणितको प्रतिलिपी आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुन: लाग्नेछ। र उल्लिखित कागजात अंग्रेजी भाषामा आवश्यक परेमा रु. २०० लाग्नेछ। माथि उल्लिखित सिफारीस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रति पाना १० रुपयाँ दस्तुर लाग्नेछ।

## अनुसुची ८

### एम्बुलेन्स सेवा शुल्क

| क्र.स. | विवरण | आ.व.२०८३/०८४ को प्रस्तावित दर | कै |
|---|---|---|---|
| १ | वीरगंज तथा कलैयाको लागि | निःशुल्क | |
| २ | हेटौंडा | रु. ३,०००।- | |
| ३ | चितवन | रु. ५,०००।- | |
| ४ | जनकपुर | रु. ५,०००।- | |
| ५ | काठमाडौं | रु. ८,०००।- | |

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष